# बेलकोटगढी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बाघखोर, नुवाकोट**

बागमती प्रदेश, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१।०५।०२**

**आ.व. २०८१/०८२ को लागि नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा आदि),स्लेट ढुङ्गा आदि), ईट्टा, काठ, ब्लक/ह्युम पाइप, कवाडी र अन्य वस्तुहरुमा संकलन, बिक्री तथा निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना !!!**

बेलकोटगढी नगर कार्यपालिकाको कार्यालय, बाघखोर, नुवाकोटले स्थानीय सरकार सञ्चालन ऐन २०७४,सार्वजनिक खरिद ऐन तथा नियमावली, यस नगरपालिकाको राजश्व परामर्श समितिको बैठकको सिफारिसको आधार वमोजिम आ.व. २०८१/०८२ को लागि बेलकोटगढी नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका त्रिशुली नदी, कोल्पुखोला, बेलकोटखोला तादीखोला र सिन्दुरेखोलाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित देहायको परिमाणको नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, आदि), स्लेट ढुङ्गा, ईट्टा, काठ, ब्लक/ह्युम पाइप, कवाडी र अन्य वस्तुहरुमा संकलन, बिक्री तथा निकासी कर संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समयभित्र यस कार्यालयको सानिमा बैंक लिमिटेड, बेलकोटगढी शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०४१०१००४००००००८१(ग.१.१ आन्तरिक राजस्व खाता) मा बोलपत्र दस्तुर वापतको रु. ५,०००।- अक्षेरुपी पाँच हजार रुपैयाँ मात्र (पछि फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको कपी र चालु आ.व. को लागि नविकरण भएको ईजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. अध्यावधिक करचुक्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, पेशा वा व्यवसाय सम्बन्धि कसूरमा आफूले सजाय नपाएको भनी लिखितरुपमा गरेको घोषणा सहित बोलपत्र फाराम भरी यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे सम्म रु २५ लाख बराबरको धरौटी रकम सानिमा बैंक लिमिटेड, बेलकोटगढी शाखामा रहेको धरौटी खाता नं ०४१०१००४००००००९१(ग.३ स्थानीय तह धरौटी खाता) मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको बैंकवाट जारी भएको कम्तीमा **१५० दिन म्याद**(बोलपत्र जमानतको मान्य अवधिको गणना बोलपत्र पेश गर्ने अन्तिमबाट प्रारम्भ हुनेछ) भएको सक्कलै बैंक जमानत पत्र (Bid bond) को Scan copy PDF format मा संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन विदा परेमा सो विदा पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । रीतपूर्वक पर्न आएका बोलपत्र फारमहरु बोलपत्र खोलिने दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस कार्यालयका कर्मचारीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

| ठेक्का नं. | विवरण (शिर्षक) | उत्खनन गरिने परिमाण | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| BGM/NCB/Revenue/01/081-082 | नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका त्रिशुली नदी, कोल्पुखोला, बेलकोटखोला, तादीखोला र सिन्दुरे खोलाहरुवाट संकलन र बिक्री हुने नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, स्लेट ढुङ्गा आदि), ईट्टा, काठ, ब्लक/ह्युम पाइप, कवाडी र अन्य वस्तुहरुमा संकलन, बिक्री तथा निकासी कर असूल गर्ने ।<br>क) ढुङ्गा, गिट्टी, बालुवा आदि नदीजन्य पदार्थ संकलन, बिक्रि तथा निकासी बापत रु. ३,२५,६४,९८७।-<br>ख) स्लेट/बिछ्याउने ढुंगा निकासी वापत रु. ५०,४००।-<br>ग) ईट्टा निकासी वापत रु. ३९,२५,०००।-<br>घ) काठ निकासी वापत रु. ४,३१,५००।-<br>ङ) कवाडी तथा अन्य वस्तुहरु निकासी वापत रु. ४४,५००।-<br>च) बालुवा खानीबाट बालुवा उत्खनन निकासी वापत रु. ४३,४०,०००।००<br>छ) ब्लक ह्युम पाइप मिनिरल पानि इनारको रिङ् लगायल अन्य निकासीजन्य सामाग्री निकासी वापत रु १२,००,०००<br>ज) चौपाया निकासी बापत रु १७,५००।०० | ४६५२१४१ घ.फि.. | रु.४,२५,७३,८८७।- अक्षेरुपी चार करोड पच्चिस लाख तिरहत्तर हजार आठ सय सतासी रुपैयाँ मात्र | रु. ५,०००।- अक्षेरुपी पाँच हजार रुपैयाँ मात्र |

**शर्त तथा बन्देज**

१. नदीजन्य पदार्थहरुको उत्खनन गर्ने अवधि २०८१ असोज १ गतेदेखि २०८२ जेठ मसान्तसम्म हुनेछ र नदीजन्य पदार्थ लगायत अन्य विभिन्न वस्तुहरुमा कर संकलन गर्ने अवधि २०८१ असोज १ गतेदेखि २०८२ असार मसान्तसम्म हुनेछ । नदीजन्य पदार्थहरु प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित परिमाण भन्दा बढी कर संकलन वा उत्खनन गर्न पाईनेछैन ।

२. बोलपत्र फाराम विद्युतीय बोलपत्र प्रणाली मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मा बिधुतिय खरिद प्रणाली निर्देशिका २०७४ वमोजिम बोलपत्र पेश गर्नुपर्ने छ ।

३ नेपाल सरकार, बागमती प्रदेश सरकार र बेलकोटगढी नगरपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ ।

४. बोलपत्रदाता र नगरपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा नगर कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।

५. कबोल गरेको अंकको मू.अ.कर बापतको रकम नगरपालिका मार्फत भुक्तानी गर्नु पर्नेछ र अन्य कर शुल्क लागेमा बोलपत्रदाता आफैंले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ ।

६. बोलपत्र स्वीकृत भएपछि प्रथम किस्ता बापतको ४० प्रतिशत रकम (मु.अ.कर समेत) सम्झौता गर्दाको बखत र बाँकी रकम दुई किस्ता गरी (मु.अ.कर समेत) दोश्रो किस्ता वापत २०८१ चैत्र मसान्तभित्र ३०(तीस) प्रतिशत र तेश्रो किस्ता वापत २०८२ जेठ मसान्तसम्म ३०(तीस) प्रतिशत बुझाउन पर्नेछ र उक्त दुई किस्ता वापतको रकम यस कार्यालयलाई भुक्तानी गर्ने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक बाट "क" वर्गको मान्यता प्राप्त बैंकको २०८२ असोज मसान्तसम्म म्याद भएको बैंक जमानत यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

७. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट बाँकी रहेको किस्ता बैंक जमानतवाट असूल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गरिनेछ ।

८. कुनै शर्त राखी पेश गरेको, हार्डकपी मार्फत पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

९. बन्द, हडताल वा अन्य कुनै परिस्थितिजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाईने छैन । सम्झौतामा तोकिए बमोजिम दोश्रो वा तेश्रो किस्ता वापतको रकम तोकिएको समयावधिभित्र यस कार्यालयलाई नबुझाएमा तुरुन्त बैंक जमानत जफत गरी प्रचलित कानून बमोजिम कारवाहीको प्रकृया अगाडि बढाईनेछ ।

१०. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

११. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँ भएमा दस्तखत गरेको हुनुपर्दछ । दर्ता भएको बोलपत्र फिर्ता वा संशोधन हुनेछैन ।

१२. यो सुचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बेलकोटगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट

बागमती प्रदेश

## बोलपत्र फाराम

नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको त्रिशुली नदी, कोल्पुखोला, बेलकोट खोला, तादी खोला र सिन्दुरे खोलाहरुबाट संकलन र बिक्री हुने ढुंगा, गिटी, बालुवा आदि नदीजन्य पदार्थहरु, इट्टा, काठ, ब्लक/ह्युम पाईप, कबाडी, बालुवा खानीबाट बालुवा उत्खनन एवं अन्य वस्तुहरुमा आ.व. २०८१।०८२ को लागि संकलन, बिक्री तथा निकासी कर असूल गर्ने सम्बन्धी बोलपत्र फाराम ।

ठेक्का नं. BGM/NCB/Revenue/01/081-082

न्यूनतम कबोल अंक (मूल्य अभिवृद्धि कर बाहेक रु.४,२५,७३,८८७-अक्षेरुपी चार करोड पच्चिस लाख तिरहत्तर हजार आठ सय सतासी रुपैयाँ मात्र )

| सि.नं. | विवरण | कबोल गरेको अंक(मूल्य अभिवृद्धि कर बाहेक) | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा रकम रु. | अक्षरमा रकम रु. | |
| १ | बेलकोटगढी नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको त्रिशुली नदी, कोल्पुखोला, बेलकोट खोला, तादी खोला र सिन्दुरे खोलाहरुबाट संकलन र बिक्री हुने ढुंगा, गिटी, बालुवा आदि नदीजन्य पदार्थहरु, इट्टा, काठ, ब्लक/ह्युम पाईप, कबाडी, बालुवा खानीबाट बालुवा उत्खनन एवं अन्य वस्तुहरुमा संकलन, बिक्री तथा निकासी कर असूल गर्ने सम्बन्धी कार्य । | | | |

फर्मको नाम र ठेगाना :-

बोलत्रदाताको नाम ठेगाना :-

दस्तखत :-

मिति :-

छाप :-